आमचोक गाउँपालिका, बालंखा, भोजपुरद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः ७  संख्याः २

गाउँसभाले स्वीकृत मितिः २०८०/०३/२७

भाग – १

आमचोक गाउँपालिका

# आमचोक गाउँपालिकाको सामुदायिक कृषि फर्म संचालन ऐन २०८०

प्रमाणीकरण गर्ने

अशोक राई

अध्यक्ष

प्रमाणीकरण मितिः २०८०/०३/२७

# आमचोक गाउँपालिकाको सामुदायिक कृषि फर्म संचालन ऐन २०८०

**प्रस्तावनाः** नेपालको संविधानद्वारा प्रदत्त नागरिकका खाद्य सम्प्रभुता खाद्य सुरक्षा तथा खाद्य सम्बन्धी हकको सुनिस्चिततातको लागि किसानलाई सशक्तिकरण गर्दै कृषि प्रणालीमा सुशासन कायम गरी कृषिको दिगोपना ल्याउन कृषि जमिनको उच्चतम उपयोग गर्दै परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन हुनेगरी कृषि प्रणालीको आधुनिकीकरण र व्यावसायीकरण गर्दै खाद्यान्नमा आत्मनिर्भरता र किसानको आर्थिक अवस्था सुधार गरी समग्र ग्रामिण समुदायको समृद्धि हासिल गर्न कृषि तथा पशुपन्छी पेशाका लागि कृषि प्रसार, सेवा, सामग्री, सिंचाइ र प्रविधि प्रभावकारी रुपमा उपलब्ध गराई सामूहिक अबधारणा अनुरुप कृषि तथा पशु पन्छी फर्मको माध्यमबाट कृषि तथा पशु उपजको उचित उत्पादन र बजार पहुचको सुनिस्चितताको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम गाउँपालिकाको चौधौं गाउंसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-एक
## प्रारम्भिक

**१.संक्षिप्त नाम बिस्तार र प्रारम्भ:** (१) यस ऐनको नाम "आमचोक गाउँपालिकाको सामुदायिक कृषि फर्म संचालन ऐन २०८०" रहेको छ।

(२) यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) आवस्यकता अनुसार तुलनात्मक लाभको सिद्धान्त अनुसार छिमेकी पालिकाहरुमा सहकारिता सह अस्तित्व र समन्वयका आधारमा बिस्तार गर्न सकिनेछ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "**गाउँपालिका**" भन्नाले आमचोक गाउँपालिकालाई जनाउँछ।

(ङ) "**कृषक**" भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई सो बाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रुपमा कृषि औजार निर्माण गर्ने नागरिकलाई समेत जनाउँछ ।

(च) "**कृषियोग्य भूमि**" भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ ।

(छ) (ज**) "सामुदायकि कृषि फर्म**" भन्नाले व्यवसायिक प्रयोजनको लागि दफा ४ बमोजिमका उपभोग्य कृषि तथा पशुपंक्षी जन्य वस्तु उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्मलाई जनाउँदछ ।

(झ) "**कृषि वस्तु**" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई जनाउँदछ र सो शब्दले कृषि उपज समेतलाई जनाउँदछ ।

(ञ) "**कृषि पेशा**" भन्नाले खेती तथा पशुपन्छी पालन कार्य गरी कृषि वस्तु उत्पादन गर्ने पेशालाई जनाउँदछ ।

(ट) "**कृषि उपज संकलन केन्द्र**" भन्नाले उत्पादन क्षेत्रबाट कृषिउपज खरीद गरी वा संकलन मात्र गरी अन्यत्र बजारमा बेचबिखन गर्ने उदेश्यले संचालित स्थल संजनु पर्छ।

(ठ) **“व्यवस्थापक**”भन्नाले दफा १७(क) बमोजिम छनौट भएको सामुदायिक कृषि फर्मको प्रशासनीक तथा आर्थिक काम गर्ने व्यक्तिलाई जनाउछ।

(ड) “**निर्वाहमुखी कृषि**” भन्नाले आफ्नो परिवारको लागि आवश्यक पर्ने कृषि उपज उत्पादन गर्ने कृषि कार्यलाई जनाउँदछ ।

(ढ) **“पकेट क्षेत्र”** भन्नाले गाउपालिकाले स्थानीय संभाब्यताका आधारमा भौगोलिक वाताबरण तथा हावापानी सुहाउदो तोकिएको क्षेत्रमा संचालन गरेको साना ब्याबसायिक कृषि तथा जडिबुटी उत्पादन गर्ने केन्द्र संझनु पर्छ।

(ण**)** "**प्रमुख प्रसासकीय अधिकृत**'' भन्नाले गाउंपालिकाको प्रमुख प्रसासकिय अधिकृतलाई जनाउंछ।

(त) “**भूमिहीन**” भन्नाले कृषि पेशामा आश्रित भई आफ्नो वा आफ्नो परिवारको नाममा नेपालभर दर्ता वा वेदर्ता जग्गा नभई यस गाउँपालिकामा तयार गरिएको अभिलेखमा भूमिहीनका रूपमा नाम समावेश भएको व्यक्तिलाई जनाउँदछ ।

(थ) **“संचालक समिति**”भन्नाले दफा ७ बमोजिम गठन भएको संचालक समितिलाई जनाउछ।

(द) **“निर्देशक समिति**”भन्नाले दफा १२ बमोजिम गठन भएको निर्देशक समितिलाई जनाउछ।

(ध) “**संकलन केन्द्र**” भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्न संकलन केन्द्रलाई जनाउँदछ ।

## परिच्छेद-दुई
## उद्धेश्य

**३.सामुदायिक कृषि फर्म सञ्चालनको उद्धेश्य:** सामुदायिक कृषि फर्म सञ्चालनको उद्धेश्य निम्न वमोजिम रहेकोछ ।

(क) गाउँपालिकामा रहेका कृषि तथा पशु सम्बन्धी नवीनतम ज्ञान, सीप तथा पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गर्न ।

(ख) कृषि क्षेत्र तथा कृषि भूमिमा किसानहरुको पहुँच र स्वामित्व सुनिश्चित गरी न्यायपूर्ण आर्थिक अवस्थाको सिर्जना गर्न ।

(ग) किसानको कृषि तथा पशुपन्छी पालनसम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र सिपलाई, प्राङ्गारिक एव दिगो कृषि विधिमा प्रयोग गरी दिगो कृषि प्रणाली अवलम्वन गर्न।

(घ) अति बिपन्न तथा भूमीहिन कृषकहरुको आर्थिक र सामाजिक विकासमा सुधार गर्न ।

(ङ) कृषि कार्यलाई एक सम्मानजनक पेशाको रुपमा आत्मसात् गराउनका लागि कृषि क्षेत्रको व्यावसायीकरण गरी उद्यमशीलता, रोजगारी, आय आर्जन, जीविकोपार्जन र सामाजिक सुरक्षाका अवसरहरु सिर्जना गर्न ।

(च) किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक पर्ने सबै किसिमका सेवा, सामग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था र स्रोत साधनहरुको प्रवन्ध गर्न ।

(छ) कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा प्रतिनिधिमूलक संस्थाको पूर्ण र प्रभावकारी सहभागिता प्रवर्द्धन गर्न ।

(ज) गाउपालिकाद्वारा सञ्चालन भइरहेको नमूना कृषि फर्महरुलाई समुदायमा हस्तान्तरण गर्न ।

(झ) कृषि सम्वन्धी संस्थागत व्यवस्था गरी स्रोत साधनहरुको समूदाय मार्फत परिचालन गर्दै बिकासका साझेदारहरुसंग समन्वय सहकारिता र सहअस्तित्व कायम गर्न ।

(ञ) कृषि कार्यका लागि कृषि जमिन बाझो नराखी नियमित रुपमा खेति गर्नका लागि प्रोत्साहन गर्न ।

(ट) स्थानीय उत्पादन वृद्धी गरी रोजगारीको सृजना गर्ने र आर्थिक वृद्धी गर्ने।

## परिच्छेद-तीन
## सामूदायिक कृषि फर्म स्थापना सम्बन्धी व्यवस्था

**४. सामुदायिक कृषि फर्मको स्थापना** : (१) सामुदायिक कृषि तथा पशुपन्छी व्यवसायको आधुनिकीकरण तथा व्याबसायिकरण गर्न समुदाय एवं गाउँपालिकाको साझेदारीमा आधारित एक वा सोभन्दा वढी सामुदायिक कृषि फर्महरुको स्थापना हुनेछ।

(२) उपदफा (१) वमोजिमको सामुदायिक कृषि फर्म सञ्चालन गर्न न्यूनतम १०० जना कृषकहरुको आमभेला गरि सो भेलाले ११ सदस्यीय एक सामुदायिक कृषि फर्म सञ्चालक समितिको चयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने संस्थामा सम्वन्धित टोल/वस्तिको घरधुरीहरु एक घर एक शेयर सदस्य हुनेछन ।

(४) कृषि फर्म सञ्चालक समितिमा अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष,सचिव, सहसचिव र ६ जना सदस्यहरु हुनेछ ।

(५) सञ्चालक समितिमा न्यूनतम ४० प्रतिशत महिलाहरु हुनु पर्नेछ ।

(६) गाउपालिकद्वारा सञ्चालित नमूना कृषि फर्म उपदफा (२) वमोजिम गठन हुने सामुदायिक कृषि फर्महरुलाई हस्तानगरण गरिनेछ ।

(७) कृषि तथा पशुपन्छी सामुदायिक संस्थाको दर्ता, संचालन र नियमन सम्बन्धी ब्यबस्था तोकिए बमोजिम हुनेछ।

**५. साविकमा संचालन भएका कृषि तथा पशुपन्छी फर्म सम्बन्धमाः** (१) यो ऐन लागू हुनु पूर्व गाउँपालिकाबाट संचालित कृषि तथा पशुपन्छी फर्म यसै ऐन बमोजिम संचालित भएको मानिनेछ। त्यस्ता कृषि तथा पशुपन्छी फर्महरु यसै ऐन वमोजिम क्रमशःसमुदायलाई हस्तान्तरण गर्दै लगिनेछ।

**६. संगठित संस्था हुनेः** (१) सामुदायिक कृषि फर्महरु अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) संस्थाको काम कारवाहीको निमित्त तोकिए बमोजिम एउटा छुट्टै छाप हुनेछ।

(३) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य प्रकारले व्यवस्था गर्न सक्नेछ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

## परिच्छेद चार
## सामुदायिक कृषि फर्मको प्रतिनिधिमूलक अङ्गहरू

**७.सामुदायिक कृषि फर्म सञ्चालक समिति :** (१) संस्थाको दैनिक कार्यसञ्चालनका लागि एक भेलाले एक–एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेत जम्मा ११ जनाको सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषाध्यक्ष सहित सम्पूर्ण सदस्यहरुको निर्वाचन शेयर सदस्यहरू सम्बन्धित क्षेत्रभित्रका सदस्यहरू मध्येबाट गरिनेछ। तर सामुदायिक कृषि फर्फ दर्ता भएकै वर्ष बाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) संचालक समितिमा देहायका सदस्यहरु रहनेछन्:

(क) शेयर सदस्यहरु मध्यवाट गाउँपालिका अध्यक्षको सिफारिसमा गाउँकार्यपालिकाले मनोनित गरेको अध्यक्ष,

(ख) फर्म सञ्चालन भएको सम्बन्धीत वडा समितिको सिफारीसमा वडा सदस्यहरु मध्यबाट २ जना सदस्य,

(ग) फर्म सञ्चालन भएको वचामा कार्यरत वा पालिकाको कृषी/पशु प्राविधिक मध्यवाट गाउँपालिकाले सिफारीस गरेको १ जना सदस्य,

(घ) साधारण सभा द्वारा निर्वाचित १ जना उपाध्यक्ष,

(ङ) साधारण सभा द्वारा निर्वाचित १ जना सचिव,

(च) गाउँपालिका र शेयर सदस्यहरुको उपस्थितिमा हुने साधारण सभाले शेयर सदस्यहरुवाट निर्वाचित २ महिला, १ दलित सहित ५ जना सदस्य।

**८. कृषी फर्म एक संगठित संस्थाहुनेः** (१) यस ऐन अनुसार सञ्चालन हुने कृषि फर्म अविच्छिन्न उत्तराधिकारीवाला संगठित संस्था हुनेछ।

(२) यस ऐन अनुसार सञ्चालन हुने कृषी फर्मको आफ्नो छाप हुनेछ।

(३) यस ऐन बमोजिम सञ्चालन हुने कृषी फर्मले संस्था सरह गाउँपालिकामा दर्ता गरी साना उद्योग तथा घरेलु कार्यालय र कर कर्यालयमा दर्ता भई स्थाई लेखा नम्वर लिनेछ।

(४) यस ऐन वमोजिम सञ्चालन हुने कृषी फर्महरुले आवश्यक नियम, कार्यविधी, निर्देशिका र मापदण्ड वनाउन सक्नेछ।

**९.सामुदायिक कृषि फर्म सञ्चालक समितिको काम कर्तव्य र अधिकारः** यस ऐन बमोजिम सामुदायिक कृषि फर्मले गर्नुपर्ने अन्य काम कर्तव्यको अतिरिक्त संस्थाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्र कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित वनाउने

(ख) कृषि उत्पादन वस्तु संकलन, प्रशोधन, गुणस्तर परिक्षण, लेवलिङ, ब्राण्डिङ, प्याकेजिङ र बजारिकरण गर्ने

(ग) प्राङगारिक मलको उत्पादन तथा बजारीकरणलाई महत्व दिने,

(घ) निर्देशक समितिले यस संस्था मार्फत गराउने भनी तोकिएको अन्य कार्यहरु गर्ने,

(ङ) कृषि क्षेत्रलाइ पर्यटनमैत्री बनाउने।

(च) सामुदायिक कृषि फर्मले गर्नु पर्ने अन्य कार्यहरु गर्ने।

(छ) विनियममा व्यवस्था भए बमोजिमको प्रकृया अपनाई साधारण सभा बोलाउने

(ज) फर्मको दैनिक कार्य संचालन गर्न व्यवस्थापक तथा अन्य कर्मचारीको नियुक्ति गर्ने

(झ) साधारण सभाद्धारा नियुक्त लेखापरीक्षकबाट प्रकृया पुर्याई बार्षिक लेखापरीक्षण गराउने र सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

(ञ) विनियममा भएको व्यवस्था बमोजिम अध्यक्ष बाहेक कुनै संचालक र साधारण सभाको सदस्यले राजिनामा दिएमा स्वीकृत गर्ने ।

(ट) आम्दानी अर्चको विवरण तयार गरी छलफल तथा स्वीकृतिको लागि साधारण सभामा पेश गर्ने ।

(ठ) साधारण सभाको निर्णय अनुसार संस्थाको चल सम्पत्ति खरीद विक्रि गर्ने ।

(ड) बार्षिक कार्यक्रम तथा बजेट तयार गरी साधारण सभाबाट स्वीकृत गराई स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने ।

(ढ) बाह्य संस्था मार्फत ऋण लिने सम्वन्धी नीति तर्जुमा गर्ने

(ण) संस्थाको कोषको सुरक्षा तथा आर्थिक कारोवार माथि नियन्त्रण गर्ने, सो को व्यवस्था मिलाउने ।

(त) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(थ) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई अवलम्वन गर्ने ।

**१०. समितिको बैठक :** संचालक समितिको वैठकको प्रकृया देहाय बमोजिम हुनेछ ।

(१) संचालक समितिको वैठक कम्तीमा एक बर्षमा ३ पटक बस्नेछ । अध्यक्षको निर्देशन अनुसार तोकिएको मिति, स्थान र समयमा समितिको वैठक सचिवले बोलाउनेछ ।

(२) अध्यक्ष उपस्थित नभएको अवस्थामा उपाध्यक्षले अध्यक्षता गरी छलफलका विषयमाथि निर्णय गर्न सक्नेछ

(३) संचालक समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनु पर्नेछ ।

(४) संचालक समितिको वैठकमा उपस्थित संचालकहरु विच छलफल भएको विषय र तत्सम्वन्धि भएको निर्णयको विवरण छुट्टै निर्णय किताब (माइन्युट बुक) मा लेखी अध्यक्षद्धारा प्रमाणित गराई सुरक्षित राख्नु पर्दछ ।

(५) संचालक समितिको वैठकमा संचालकहरुको जम्मा संख्याको ५१ प्रतिशत संचालकहरु उपस्थित भएमा वैठक संचालनको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि २५ प्रतिशत सदस्यहरुले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले ७ दिन भित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(७) समितिको वैठक भत्ता तथा अन्य सुविधा प्रचलित कानुनको अधिनमा रहि समितिले निर्णय गरे अनुसार हुनेछ।

**११. उत्तरदायित्व शृङ्खला :** संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरू सञ्चालक समितितर्फ र निर्वाचित सञ्चालक समितिहरु साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ ।

**१२. अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

**(क) अध्यक्षको काम कर्तव्य र अधिकार**-:

१ समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

२ साधारण सभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यन्वयन गर्ने गराउने ।

३ विनियमको अधिनमा रही कर्मचारी उपर रेखदेख र सुपरिवेक्षण गर्ने/ गराउने ।

४ संस्थाको उदेश्य प्रप्तिका लागि गर्नुपर्ने कार्यहरु गर्ने सम्बन्धमा विनियमको अधिनमा रही जरुरी विषयहरुमा समितिको तर्फबाट तत्काल निर्णय दिन सक्नेछ ।तर यसरि दिएको निर्णय समितिको त्यसपछि लगत्तै बस्ने बैठकबाट अनुमोदन गर्नुपर्नेछ।

५ आवश्यक्तानुसार विशेष बैठक बोलाउन निर्देशन दिने ।

६ काम कार्वाहीको सम्बन्धमा आवश्यक्तानुसार अन्य संघ संस्था वा निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

७ साधारण सभा /समितिको बैठकमा कुनै विषमा मतदान भई मत बराबर भएमा निर्णायक मत दिने ।

८ समिति तथा साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने ।

९ संस्थाको आर्थिक कारोबारको नैतिक जिम्मेवारी लिने ।

१० संस्थाको चल अचल सम्पत्तिको रेखदेख संरक्षण गर्ने/ गराउने ।

११ साधारण सभा तथा समिति समक्ष आर्थिक प्रतिवेदन एवं वार्षिक कार्ययोजना र बजेट पेश गर्न लगाउने ।

१२ संस्थाको हितका लागि प्रपत हुन आएका जानकारी माथी बैठक बोलाई आजश्यक निर्णय लिने।

**(ख) उपाध्यक्षको काम,कर्तव्य र अधिकार**-:

१ अध्यक्षको काममा सहयोग पुर्याउने ।

२ अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३ अध्यक्षले तोकेर दिएका लिखित कार्यहरु कार्यन्वयन गर्ने गराउने ।

४ संस्थाको हरेक क्रियाकलापमा सहभागि भई संस्थाको हितमा काम गर्ने ।

**(ग) सचिवको काम कर्तव्य र अधिकार** -:

१ अध्यक्षको निर्देशनमा बैठक बोलाउने ।

२ बैठकका निर्णयहरुको अभिलेख राख्ने ।

३ प्रशासनिक कार्यहरु गर्ने गराउने ।

४ विभिन्न निकायमा पत्रचार गर्ने गराउने ।

५ वार्षिक कार्यक्रम ,समितिको बैठक सुची ,सुचना आदि सम्बन्धित व्यक्ति तथा क्षेत्रमा निर्णयको जानकारी गर्ने गराउने ।

**(घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकार** -:

१ आन्तरिक वित्तिय प्रणाली चुस्त दुरुस्त भए नभएको प्रति सदैव चासो राख्ने ।

२ आर्थिक समितिको संयोजक भई काम गर्ने ।

३ संचालक समितिको बैठकले दिएको जिम्मेवारी पुरा गर्ने गराउने ।

**१३. निर्देशक समिति सम्बन्धी ब्यबस्था** (१) कृषि उत्पादन प्रशोधन र व्यापार तथा बजारीकरणको व्यवस्था गर्न सामुहिक खेति प्रणालीको अवधारणा अनुरुप स्थापना भएको सामुदायिक कृषि फर्मको व्यवस्थापन तथा संचालन गर्नको लागि निर्देशन दिन गाउँपालिका भित्र एक निर्देशक समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछनः

(क) गाउँपालिकाको अध्यक्ष-अध्यक्ष

(ख) सामुदायिक कृषि फर्फ सञ्चालन भइरहेको वडाको वडा अध्यक्ष-सदस्य

(ग) गाउँपालिकाको पशुपन्छी तर्फको प्राविधिक कर्मचारी -सदस्य

(घ) कृषि पकेट क्षेत्रका कृषक मध्ये एक महिला सहित गाउँ कार्यपालकाले तोकेको कृषकहरु दुई जना-सदस्य

(ङ) गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(च) सामुदायिक कृषि फर्मको अध्यक्षहरु- सदस्य

(छ) कृषि शाखा प्रमुख-सदस्य सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमका सदस्यहरुको पदावधि पदेन सदस्य बाहेक अन्य सदस्यहरुको मनोनयन वा नियुक्ति मितिले चार बर्षको हुनेछ।

(५) पदेन सदस्या बाहेक अन्य सदस्यहरुको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछः-

(क) निजले अध्यक्ष समक्ष राजिनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) निज साहुको दामासाहीमा परेमा,

(ङ) निज नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(च) निज विना सुचना लगातार ३ पटक सम्म समितिको बैंठकमा अनुपस्थित भएमा ।

(६) समितिका पदाधिकारीहरुको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि जुन तरिकाबाट पदपूर्ति भएको हो सोही तरिकाबाट पदको रिक्त पदको पूर्ति गरिनेछ।

**१४. निर्देशक समितिको बैठक र निर्णयः** (१) समितिको बैठक कम्तिमा बर्षको ३ पटक बस्नेछ। दुई बैठकको बीचको फरक ६ महिना भन्दा बढी हुनेछैन।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य कुराहरु बैठक संचालन सम्बन्धी कार्यविधि समितिले आफै निर्धारण गर्न सक्नेछ।

**१५. सदस्यको भत्ता तथा सुविधाः** समितिका सदस्यले बैठकमा भाग लिए बापतको भत्ता तथा अन्य सुविधा प्रचलित कानूनको अधिनमा रही कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१६. निर्देशक समितिको काम कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएका काम कर्तव्य र अधिकारका अतिरिक्त निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कृषि तथा पशुपालन सम्बन्धी नीति निर्माण गर्ने,

(ख) कृषि बजारको विकास, विस्तार र गुणस्तरिय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना वनाउने ।

(ग) कृषि फर्म संचालनका लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी सेवा शर्त सुविधा एकिन गरी स्वीकृतिका लागि गाउँ कार्यपालिका समक्ष पेश गर्ने,

(घ) कृषि बजारको सम्बन्धमा आवश्यक सूचना सम्पेषण गर्ने,

(ङ) कृषि उत्पादक, व्यापारी उपभोक्ता संस्था तथा अन्य सम्बन्धित निकाय विच समन्वय गर्ने ।

(च) कृषि वस्तु, पशुवस्तु, कृषि थोक बजार, कृषि खुद्रा बजार, कृषि उपज संकलन केन्द्रस्थल निर्माण मर्मत तथा संचालन सम्बन्धी आवश्यक नीति नियम तर्जुमा गाउँपालिकामा पेश गर्ने,

(छ) सामुदायिक कृषि तथा सामुहिक कृषि प्रणाली बारे आवश्यक अध्ययन अनुसन्धान गरी गाउँपालिका समक्ष पेश गर्ने,

(ज) गाउँपालिकाले दिएको नीति निर्देशनको अधिनमा रही कृषि तथा पशुपन्छी सम्बन्धी योजना तर्जुमा गर्ने,

(झ) गाउँपालिका भित्र संचालित सामुदायिक कृषि फर्महरुको अनुगमन, मूल्यांकन र नियमित समिक्षा गर्ने,

(ञ) कृषि पकेट क्षेत्रको छनौट गर्ने र संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने,

(ट) सामुदायिक कृषि फर्मको लागि गाउँपालिकाको शेयर रकम र अनुदान रकम एकिन गरि स्वीकृत गर्ने ।

(ठ) गाउँपालिकाका सम्भावित वडामा सामुदायिक कृषि फर्फ स्थापनाको लागि आवश्यक प्रवन्ध मिलाउने,

(ड) बाझो जमिन तथा ऐलानी सार्वजनिक खुला चौरहरुको उपयोग सम्बन्धी नीति बनाई गाउँपालिकामा पेश गर्ने,

(ढ) पशुपन्छी व्यवसाय पशु वधशाला (सटर हाउस) पूर्वाधार निर्माणको लागि नीति तथा योजना बनाउने,

(ण) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नको लागि स्थानीय भूउपयोग परिषदमा सिफारिस गर्ने ।

(त) किसानको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि किसानसम्बद्ध नागरिक समाज र संघ संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(थ) पशु गोठ व्यवस्थापन, भकारो/गोठ सुधार, घाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको उपचार जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने ।

(द) किसानका कृषि तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरुको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचार प्रसार गर्ने ।

(ध) गाउँपालिकालाई कृषि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत आपूर्ति गर्नमा सक्षम वनाउन पहल गर्न ।

(न) सिंचाइको अभाव भएको स्थानमा बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्धन गर्न सम्वन्धित निकायमा पहल गर्ने ।

(न) संघीय सरकार र प्रदेश सरकारबाट लागू गरिएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने र उक्त तहबाट अनुदान प्राप्त हुन आएका कृषि कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने ।

(प) गाउँपालिका क्षेत्रभित्र किसान, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पूर्वाधार लगायतका विषयको वस्तुस्थिति सङ्कलन र अभिलेख तयार गरी कृषि तथ्याङ्क प्रकाशन गर्ने ।

(२) समितिको सचिवालय गाउँपालिकाको कृषि तथा पशुपन्छी सेवा शाखामा रहनेछ ।

**१७. अनुगमन समिति: (१)**सामुदायकि कृषि फर्महरुको अनुगमन गर्नको लागि तपशिल वमोजिमको अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष- संयोजक

(ख) आर्थिक विकास समितिको संयोजक-सदस्य

(ग) पूर्वाधार विकास समितिको संयोजक-सदस्य

(घ) कार्यपालिकाद्वारा मनोनित कार्यापालिकाको महिला सदस्य-सदस्य

(ङ) योजना शाखा प्रमुख -सदस्य सचिव

(२) अनुगमन समितिमा सम्वन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुगमन समितिले सामुदायिक कृषि फर्महरुको अनुगमन गरी चौमासिक प्रतिवेदन गाउँकार्यपालकामा पेश गर्नु पर्नेछ ।

(४) अनुगमन समितिको प्रतिवेदनको आधारमा गाउँकार्यपालिकाले आगामी आर्थिक वर्षको सामुदायिक कृषि फर्म सञ्चालन सम्वन्धिको थप नीति तथा कार्यक्रम तयारी गर्नु पर्नेछ ।

(५) अनुगमन समितिको सेवा सुविधा गाउँकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

**१८. सामुदायकि कृषि फर्मको कर्मचारी व्यवस्था**:(१)सामुदायिक कृषि फर्महरुले कर्मचारी प्रशासन नियमावलीमा स्वीकृत भए वमोजिम समितिले आवश्यक्ता अनुसार निश्चित सेवा सुविधा र शर्तहरु तोकेर कर्मचारी नियुक्त गर्न , सक्नेछ । सेवा सुविधा र शर्तहरु कर्मचारी प्रशासन नियमावलीमा उल्लेख भए वमोजिम हुनेछ ।

(२) उपनियम १ वमोजिम कर्मचारी प्रशासन नियमावली स्वीकृत नभएसम्मको लागि कार्यपालिकाको निर्णय वमोजिम निम्न वमोजिमको पदहरु श्रृजना गर्न सकिनेछ ।

(क) व्यवस्थापक १ जना

(ख) कृषि प्राविधिक १ जना

(ग) पशु प्राविधिक १ जना

(घ) मासिक ज्यालादारीको कामदारहरु- वढीमा ५ जना

(ङ) दैनिक ज्यालादारीको कामदारहरु- आवश्यक्ता अनुसार

(३) कर्मचारी प्रशासन नियमावली स्वीकृत नभए सम्म कर्मचारीहरुको नियुक्ति गाउकार्यपालिकाले एक समिति गठन गरी करार सेवामा कर्मचारी छनौट सम्वन्धी कार्यविधि वमोजिम छनौट गर्नु पर्नेछ । तर ज्यालादारी कर्मचारीहरु सामुदायिक कृषि फर्म सञ्चालक समितिले नियुक्ति गर्न सक्नेछ ।

(४) कर्मचारीहरुको सेवा र शर्तहरु सामुदायिक कृषि फर्म सञ्चालनक समितिले तोके वमोजिम हुनेछ ।

(५) संस्थाको आफ्नो भवन निर्माण नभएसम्मको लागि गाउँपालिकाले तोकेको स्थानमा कार्यालय संचालनको लागि भवन लिजमा लिई संचालन गर्न सक्ने र संस्था मुनाफामा गएपछि सार्वजनिक जग्गामा आफ्नो भवन निर्माण गर्न सकिनेछ।

**१९. व्यवस्थापकको काम कर्तव्य र अधिकारः(१)** सामुदायिक कृषि फर्मको संचालक समितिको निर्देशन र नियन्त्रणमा रही यस ऐनमा अन्यत्र लेखिएको काम कर्तव्य र अधिकारका अतिरिक्त व्यवस्थापकको काम कर्तव्य देहाय बमोजिम हुनेछः

(क) सामुदायिक कृषि फर्मको बैठकमा पेश गरिने प्रस्तावहरुको सूची तयार गर्ने,

(ख) कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रमहरुलाई आवश्यक योगदान पुऱ्याउने,

(ग) व्यवसायको अनुगमन निरिक्षण र समिक्षा गरी समितिमा पेश गर्ने

(घ) कृषि उपजहरुको प्याकेजिङ, लेबलिङ, ब्राण्डिङ र गुणस्तर परिक्षण गराई बजारिकरण गर्ने गराउने,

(ङ) सामुदायिक कृषि फर्मको बार्षिक बजेट र कार्यक्रम तयार गरी स्वीकृतिका लागि संचालक समिति समक्ष पेश गर्ने,

(च) सामुदायिक कृषि फर्मको लेखा परिक्षण गराउने,

(छ) कृषिको आधुनिकिकरण र व्यवसायीकरण गर्न सामुहिक कृषिको माध्यमबाट एकिकृत गरी ठुलो खेती गर्दै वृहत परिणाममा कृषिको उत्पादन प्रशोधन र बजारीकरण गर्न कदम चाल्ने।

(ज) संचालक समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(झ) अध्यक्षको सामान्य नियन्त्रणमा रही संस्थामा कार्यक्रम तथा व्यवसाय संचालन गर्ने।

(ञ) संस्थाको सदस्यता आवेदन फारामहरु संकलन एवं विवरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सुचना उपलब्ध गराउने ।

(ट) साधारण सभा समितिका सबै वैठकहरुमा भाग लिने र निर्णय लीने कामका लागि सदस्यहरुलाई आवश्यक सुचना उपलब्ध गराउने, निर्णय कार्यान्वियन गर्ने/गराउने ।

(ठ) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक बार्षिक कार्यक्रम तथा बजेट तयार गरी संचालक समिति समक्ष पेश गर्ने । स्वीकृत नीति तथा कार्यक्रमहरु तथा संचालक समिति साधारण सभाबाट अनुमोदन कार्यक्रम तथा अन्य निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

(ड) संस्थाको आर्थिक कारोवार तथा बैक खाता संचालन गर्ने तथा आर्थिक कारोवार सम्बन्धि आवश्यक पर्ने विल भर्पाई तथा कागजानहरुमा सही गर्ने ।

(ध) संस्थाका सदस्यहरुलाई तालिम कार्यक्रमहरुको योजना बनाई स्वीकृत गराउने ।

(न) संस्थाको सबै कर्मचारीहरुका काम कार्यबाहीहरु सुचारु रुपमा संचालन गराउने र कर्मचारु विच समन्वय गर्ने ।

(प) संचालक समितिका निर्णयानुसार वा समितिले तोकिदिएको बिषयहरुमा संस्थाको तर्फबाट सम्झौता पत्र तथा कागजातहरुमा सही गर्ने ।

(फ) स्वीकृत कार्यक्रम कार्यान्वियन गर्ने र बजेटको परिधि भित्र रही खर्च गर्ने ।

(ब) संस्थाको हर हिसाबको लेखा दुरुस्त तरिकाले राख्ने, साख्र लगाउने र आर्थिक विवरण प्रमाणित गर्ने ।

(२) अन्य कर्मचारीहरुको कार्यविवरण पदिय जिम्मेवारी वमोजिम सञ्चालक समितिले तोकि दिनु पर्नेछ ।

**२०. निर्वाचन समिति सम्बन्धी व्यवस्थाः** (१) साधारण सभाले एक निर्वाचन समिति गठन गर्नेछ।

(२) निर्वाचन समितिले प्रत्यक ४/४ वर्षमा निर्वाचनको माध्यमबाट समिति गठन गर्नेछ।

(३) रीक्त रहेको पदाधिकारीहरुको पद निर्वाचन वा सर्वसहमत वाट पदपूर्ति गरिनेछ।

(४) निर्वाचन समितिको समय अवधि १ वर्ष को रहनेछ।

(५) निर्वाचन हुने अवश्था आए निर्वाचनको मिति तोकी मतदाता नामावली प्रकाशन गरिनेछ।

(६) अनूसुची १ अनुसार उमेद्वार हुन चाहने व्यक्तिलाई मनोनयन फारम भराई दर्ता गराईनेछ।

(७) यो व्यवस्था परिच्छेद ४ को दफा ७ को उपदफा ३ संग मात्र सम्बन्धीत हुनेछ।

(८) निर्वाचन संग सम्बन्धीत अन्य कार्य गर्ने गराईनेछ।

(९) साधारण सभामा सर्वसहमत रुपमा चुनावी प्रतिश्पर्धा नगरी समिति गठन हुने अवस्थालाई मान्य मानिनेछ।

**२१. साधारण सभा सम्बन्धी व्यवस्थाः** (१) कृषी फर्मको वर्षमा एक पटक साधारण सभआ हुनेछ।

(२) सात दिन अगाडी साधारण सभाको सूचना जारी गर्नु पर्नेछ।

(३) साधारण सभाले वार्षिक कार्ययोजना र वार्षिक वजेट पारित गरेर गाउँपालिकामा पेश गर्नेछ।

(४) साधारण सभावाट विविध कारण दफा ७ को उपदफा ३ अनुसारको पदाधिकारीहरुको पध रीक्त भए पदपूर्ती गर्न सर्वसहमती वा निर्वाचन मार्फत हुनेछ।

(५) साधारण सभाले लेखा परिक्षण प्रतिवेदन प्रस्तुत तथा छलफल भई पारित गर्नेछ।

(६) साधारण सभाले गर्नु पर्ने अन्य कार्य गर्ने।

(७) साधारण सभामा गाउँपालिकाको तर्फवाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कृषी शाखा लगायत निर्देशक समिति र अनुगमन समितिका पदाधिकारी तथा सदस्यहरु उपस्थित हुनेछ।

## परिच्छेद पाँच
## कोषको व्यवस्था

**२२ सामुदायिक कृषि फर्मको कोषः** (१) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्नको लागि संस्थाको एउटा छुट्टै कृषि तथा व्यवसाय प्रवर्द्धन कोष स्थापना हुनेछ।

(२) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) गाउँपालिकाको अनुदान/शेयर रकम

(ख) सामुदायिक संस्थाहरुको शेयर/लगानी रकम

(ग) कृषि तथा पशुपन्छी उपजको विक्रि वितरणवाट प्राप्त रकम,

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कृषि तथा पशपन्छी फर्म तथा व्यवसाय संचालन गर्न आवश्यक पूर्वाधार तयार गर्न ,सिंचाइ प्रबन्ध गर्न , विशिष्टिकृत प्राविधिक क्षमता आवश्यक पर्ने तथा यान्त्रिकिकरण र आधुनिकिकरण गर्नका लागि गाउँपालिकाले मात्र सम्पन्न गर्न नसक्ने भएमा सो को अध्ययन अनुसन्धान गरी गाउँपालिकाले प्रदेश सरकार तथा संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

(४) संस्थालाई प्राप्त हुने सबै रकम गाउँपालिका भित्र रहेको कुनै एक राष्ट्र वैंकद्वारा मान्याता प्राप्त बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) सामुदायिक कृषि फर्मको अध्यक्ष , कोषाध्यक्ष र व्यवस्थापक मध्य दुइ जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

**२३. लेखा र लेखा परिक्षणः** (१) संस्थाको आय व्ययको लेखा संघीय सरकारले अपनाएको तरिका बमोजिम राखिने छ।

(२) संस्थाको लेखा परिक्षण दर्तावाला लेखा परिक्षकबाट हुनेछ।

**२४. शेयर लगानीः** (१) कृषि उत्पादन, प्रशोधन भण्डारण र बजारीकरण गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, मर्मत संभार तथा कृषि प्रशार सेवा संचालन गर्न आवश्यक पर्ने पुजी लगानीलाई एकत्रित गर्न सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत गाउँपालिकाको एकाउन्न प्रतिशत शेयर रहने र आवश्यता अनुसार थप रकम विनियोजन गर्न सकिनेछ।

(२) सम्वन्धित सामुदायिक संस्थाको कृषकहरुले ४९ प्रतिशत शेयर लगानी गर्नेछन् । एक जना शेयर सदस्यले प्रति कित्ता रु.१००। का दरले १०० कित्ता शेयर खरीद गर्नु पर्नेछ ।

(३) स्थानीय नेपाली नागरिकलाई प्रति व्यक्ति रु. दश हजार देखि पाँच लाख रुपैंयासम्मको शेयर खरिद गर्ने सुविधा प्रदान गरिनेछ।

(४) गाउँपालिकाद्वारा गरिएको गरिवि वर्गीकरणमा अति गरिव वर्गहरु शेयर सदस्य हुन चाहेमा श्रमलाई शेयरमा रुपान्तरण गर्न सकिनेछ ।

(५) शेयर सदस्यहरुले शेयर फिर्ता लिन चाहे फिर्ता लिन सक्नेछ।

(६) शेयर खरीद सम्वन्धि अन्य व्यवस्था विनियमावलीमा उल्लेख भए वमोजिम हुनेछ ।

**२५. शेयर बिक्री तथा हक हस्तान्तरणः** (१) कृषि तथा पशुपन्छी फर्म संचालनमा आएपछि संस्थाले प्रत्येक बर्ष बार्षिक आय व्ययको लेखापरिक्षण गराई वार्षिक भेलावाट पारित गराउनु पर्नेछ। वार्षिक भेलावाट पारित भई आएको खुद मुनाफा मध्ये पच्चिस प्रतिशत गाउँपालिकाको आन्तरिक आम्दानीमा दाखिला गरि बाँकी मुनाफालाई सय प्रतिशत मानी पचास प्रतिशत कृषि तथा पशुपन्छी विकासमा खर्च गर्नको लागि संस्थाको कोषमा राखी बाँकी शेयर सदस्यहरुलाई वोनस वितरण गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम मुनाफा वितरण गर्दा शेयर सदस्यको शेयर लगानीका आधारमा औषत अंक कायम गरी सोही दरले लाभांस वितरण गरिनेछ।

## परिच्छेद छ
## लगानीको क्षेत्रहरु

**२६. सामुदायिक कृषि फर्मको लागानीको क्षेत्रहरु**: (१) निर्देशक समितिको सिफारिस र सामुदायिक कृषि फर्म सञ्चालक समितिको निर्णय बमोजिम कोषको रकम देहाय बमोजिमका कृषि वालिको उत्पादन,भण्डारण,प्रशोधन र वजारीकरणको लागि उपयोग गर्न सकिनेछ:

(क) अन्न बाली: सबै प्रकारका अन्न बालीहरु

(ख) तरकारी बाली: च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरु

(ग) फलफूल बाली: सबै प्रकारका फलफूलहरु

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरु

(ङ) तेलहन: सबै किसिमका तेलहन बालीहरु

(च) दलहन: सबै किसिमका दलहन बालीहरु

(छ) पशुजन्य उत्पादन: गाईगोरु, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुहरु

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु

(झ) मासुजन्य उत्पादन: मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु

(ञ) पन्छीजन्य उत्पादन: मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पन्छीहरु र रेशम खेतिका उत्पादनहरु

(ट) माछापालन: मासु तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछाहरु

(ठ) मौरी पालन: मह तथा मौरीघार

(ड) फूल खेती: गाउँपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु

(ढ) मसलाजन्य उत्पादन: गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु

(ण) जडिबुटी: निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरु

(त) काष्ठफलहरु: बदाम, ओखर लगायतका बालीहरु

(थ) नगदेवाली: चीया, कफी, अलैची, उँखु, जुट आदी

(द) नर्सरीका उत्पादनहरु: विभिन्न विधिबाट उत्पादित सबै प्रकारका विरुवाहरु ।

(२) उपदफा (१) को संको उत्पादन गर्दा जैविक तथा प्राङ्गारिक खेतीको विस्तार तथा प्रवर्द्धनमा जोड दिनु पर्नेछ ।

(३) स्थानीय नश्लका पशुपन्छीको संरक्षण र विस्तार गर्न र कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लका पशुपन्छीको विकास र विस्तारमा जोड दिनु पर्नेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक कृषि फर्महरुले एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन्।

## परिच्छेद ७
## कृषि उपजको भण्डारण,प्रशोधन र वजारीकरण

**२७. कृषि उपजको भण्डारण:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र र भण्डारण कक्षको भौतिक पूर्वाधार निर्माण गरी सामुदायिक कृषि फर्महरुलाई सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन पर्नेछ ।

(२) कृषि उपजको भण्डारण लगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यविधि बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको निर्यात गर्नका लागि कृषि एम्वुलेन्सको व्यवस्था मिलाउन सक्नेछ ।

(४) गाउँपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ ।

**२८. कृषि उपजको प्रशोधन:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादनसंग सम्वन्धित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(२) सामुदायिक कृषि फर्महरु मार्फत उत्पादित कृषि वस्तुहरुको प्रशोधनमा तोकिए वमोजिम सहुलियत दिन सक्नेछ **।**

(३) उपदफा (१) र (२) को अतिरिक्त गाउँपालिकाले पशुपालक किसानले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादनसम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ ।

**२९. कृषि उपजको बजारीकरण:** (४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रीका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिइ कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(३) गाउँपालिकाले कृषि मूल्य श्रृङ्खलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक कृषकबीच स्वच्छ समन्वय र सहकार्य विकास गर्नेछ ।

।

(४) गाउँपालिकाले किसानलाई उत्प्रेरित गर्न समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपन्छी व्यापार मेलाको आयोजना गर्न सक्नेछ ।

(५) गाउँपालिकाले कृषि संकलन केन्द्रमा संकलन भएको कृषि उपजहरुको वजारीकरणको लागि वजारको पहिचान गाउँपालिकाको क्षेत्रभित्र वा गाउँपालिका भन्दा वाहिरको सरोकारवालाहरुसंग समन्वय एवं सम्झौता गर्न सक्नेछ ।

## परिच्छेद-आठ
## कृषियोग्य जमिनको उपयोग सम्बन्धी व्यवस्था

**३०. भूमिको वर्गीकरण:** (१) गाउँपालिकाले संघीय सरकारको भू-उपयोग ऐन २०७६ समेतलाई आधार मानी भू-बनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा कृषि भूमिको संरक्षण र सदुपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई नक्शाङ्कन सहित देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछ ।

(क) कृषि भूमि

(ख) आवासीय क्षेत्र

(ग) व्यावसायिक क्षेत्र

(घ) औद्योगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) वन क्षेत्र

(छ) पानी मुहान, नदीनाला र ताल तलैया, सीमसार क्षेत्र

(ज) सामुदायिक, सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र

(झ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(ञ) निर्माण सामग्री उत्खनन क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी)

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गीकरण मध्ये (क),(ग) र (ज) क्षेत्रमा मात्र सामुदायिक कृषि फर्म स्थापना गर्न सकिनेछ ।

## परिच्छेद-नौ
## छुट सुविधा सम्वन्धी व्यवस्था

**३१. सामुदायिक कृषि फर्महरुलाई छुट सविधा दिन सकिने:** (१) गाउँपालिकाले सामुदायिक कृषि फर्महरुलाई देहाय बमोजिमको कृषि अनुदान, छुट सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ:

(क) कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर शुल्कमा छुट,

(ख) कृषि तथा पशुपन्छी र जलचर पालन कार्यका लागि किसानलाई सिफारिस दिँदा लाग्ने दस्तुर छुट,

(ग) व्यवसाय प्रवर्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि अनुदान,

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने फर्महरुलाई व्यवसाय दर्तामा छुट र सोको लागि अनुदान,

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा थप अनुदान,

(च) सामुदायिक कृषि फर्मका शेयर सदस्यहरुलाई कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिव तथा विपन्न र सिमान्त किसानका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने रकम गाउँपालिकाले अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(छ) सामुदायिक कृषि फर्मका शेयर सदस्यहरुलाई कृषि फर्म वाहेक व्यक्तिगत रुपमा स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गरेमा उत्पादनमा आधारित विशेष पुरस्कार कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा आर्थिक ऐनमा व्यवस्था गरी गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपत जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवा, वनस्पति तथा बीउ बीजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वियन गर्नेछ ।

(५) कृषक तथा व्यवसायीले कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-दश
## विविध

**३२. नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्ने:** यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ । यो ऐनसंग नवाझिने गरी सामुदायिक कृषि फर्म सञ्चालक समितिले फर्म सञ्चालन गर्ने विनियम, कर्मचारी प्रशासन नियमावली र आर्थिक प्रशासन नियमावलि वनाउनु पर्नेछ ।

**३३. यसै बमोजिम भएको मानिने:** कृषि तथा पशुपन्छीका विषयमा गाउँपालिकाबाट यस अघी संचालन गरेका कृषि तथा पशुपन्छी फर्म तथा कृषि पकेट क्षेत्रहरु सम्बन्धी भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**३४. बाझिएमा स्वतः निष्कृय हुने**ः यो ऐन वा यस ऐनमा गरिएका व्यवस्था सङ्घीय तथा  प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वत: निष्कृय वा खारेज भएको मानिनेछ ।

**३५. अन्तर निकाय समन्वय:** (१) गाउँपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमबीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रयाका सबै चरणमा सबै निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन  गर्नु पर्नेछ ।

**३६. दण्ड जरिवाना**ः (१) आर्थिक अनियमित्ता भए गरेको ठहर भए सरकारी वाकी सो सरह असुल गरिनेछ।

(२) अन्य व्यवस्था कानून वमोजिम हुनेछ।

**अनुसूचिहरु**

**अनुसूची – १**

दफा २० (६) सँग सम्बन्धित

<u>उमेद्वारको मनोनयन आवेदन फारम</u>

श्री संयोजक ज्यू,
निर्वाचन समिति,
........................................................सामुदायीक कृषि फर्म

महोदय,

यस आमचोक गाउँपालिकाको .................................... सामुदायीक कृषि फर्मको मिति ................................. गते हुने विशेष/वार्षिक साधारण सभामा शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक समितिको ......................... पदको लागी निर्वाचनमा म प्रचलित कानून तथा ऐनमा उल्लेखित व्यवस्था वमोजिम म उमेद्वार हुन योग्य रहेकोले यो मनोनयन पत्र दाखीला गरेको छु। मेरो प्रस्तावक र समर्थक निम्न अनुसार छन्।

**उमेद्वारको विवरणः**

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं.
६. शेयरधनी परिचय (हितग्राही खाता) नं. दस्तखतः

**प्रस्तावकको विवरणः**

श्री ........................................................................ लाई शेयर सदस्यहरुको तर्फवाट प्रतिनिधित्व गर्ने सञ्चालक समितको .................. पदको उमेद्वारको लागी म प्रस्तावक गर्दछु।

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं. प्रस्तावकको दस्तखतः
६. शेयरधनी परिचय (हितग्राही खाता) नं.

**समर्थकको विवरणः**

प्रस्तावक श्री .................................................................... ले माथी उल्लेख गरे बमोजिम शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक सितिको ............................। पदको निर्वाचनको लागि श्री .................................................................... लाई उमेद्वार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं. समर्थकको दस्तखतः
६. शेयरधनी परिचय (हितग्राही खाता) नं.

<u>निर्वाचन संयोजकले भर्ने</u>

यो मनोनयन मिति ............................................................... को दिनको ...................... बजे मनोनित उमेद्वार/मनोनित उमेद्वारको वारेस श्री ................................................................... ले मेरा समक्ष दाखिला गरेको हो।

मितिः

.................................
(निर्वाचन संयोजक)